म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक २५८ सोमबार १७ बैशाख २०८१ ने. सं. ११४४ चौलागा 29 April 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**डढेलो नियन्त्रण गरौं, वातावरण जोगाऔं ।**

डढेलोले,
- वन मात्र नभई जैविक विविधता र सम्पदा पनि नष्ट गर्दछ,
- वातावरणीय प्रदूषण बढाउँछ,
- भू-क्षय बढाउँछ,
- पानीको मूल सुकाउँछ,

त्यसैले,
वन पैदावारको संकलन तथा खेती किसानीमा आगोको प्रयोग गर्दा सावधानी अपनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# कानुन निर्माणमा कमजोर बागमती सरकार

साझाकुरा संवाददाता

हेटौंडा, १६ वैशाख/ बागमती प्रदेश सरकारले कानून निर्माणका हिसाबले प्रभावकारी भूमिका निभाउन सकेको छैन । प्रदेशसभाको दोस्रो कार्यकाल कानुन निर्माणमा निकै सुस्त देखिएको छ ।

प्रदेशसभाको संसदीय समितिले अझै सभापति पाउन नसकेको अवस्थामा कानुन निर्माण प्रक्रिया न्यून रहेको हो । दोस्रो कार्यकालका लागि भएको निर्वाचनपश्चात् गत २०७९ पुस १८ मा पहिलो बैठक सञ्चालन भएको प्रदेशसभाको ३ वटा अधिवेशनमा ६१ वटा बैठक सञ्चालन भएको छ ।



यो अवधिमा प्रदेशसभाबाट ८ वटा विधेयक पारित भएको छ । पारित विधेयकमध्ये ७ वटा प्रदेशप्रमुखबाट प्रमाणीकरण भएको छ । एउटा विधेयक प्रदेशसभामा पुन:विचारका लागि फिर्ता आएको छ । करिब डेढ वर्षमा प्रदेशसभाबाट ४ वटा मूल ऐन सम्बन्धी विधेयक र ३ वटा संशोधन विधेयक पारित भएको प्रदेशसभाले जनाएको छ । प्रदेशसभाबाट २ वटा सालबसाली विधेयक पारित भई कार्यान्वयनमा आएका छन् ।

प्रदेशसभामा पेस भएका १२ वटा विधेयकमध्ये तीन वटा विधेयक संसदीय समितिमा विचाराधीन अवस्थामा छ । एउटा विधेयक प्रतिवेदन तयार भएर बसेको छ । विधेयक अधिवेशनको रुपमा रहेको हिउँदे अधिवेशनमा एउटा मात्रै विधेयक पेश भयो । गत बुधवारदेखि हिउँदे अधिवेशन नै अन्त्य भएकाले प्रदेशसभामा रहेका चारवटा विधेयक अलपत्र बनेका छन् ।

विधेयक अधिवेशनको रुपमा चिनिने हिउँदे अधिवेशनबाट हस्तकला ग्राम स्थापना तथा सञ्चालन गर्न बनेको विधेयकमाथि सैद्धान्तिक छलफल भएर उद्योग, पर्यटन तथा वातावरण समितिमा पठाइएको छ । तर, समितिको बैठक बस्न नसकेर विधेयकमाथि दफाबार छलफल हुन सकेको छैन । समितिमा रहेको चारवटा विधेयक नआउँदै बुधवार राती १२ बजेदेखि हिउँदे अधिवेशन अन्त्यको घोषणा प्रदेशप्रमुख यादवचन्द्र शर्माले गरे ।

बुधवार नै बसेको मन्त्रिपरिषद् बैठकको सिफारिसमा शर्माले अधिवेशन अन्त्यको घोषणा गरेका हुन् । प्रदेशसभामा हस्तकला ग्राम विधेयक, कृषिविकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, विज्ञानप्रविधि नवप्रवर्तन तथा विकास कोष सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक र स्वास्थ्य सेवा ऐन, २०७५ लाइ संशोधन गर्न बनेको विधेयक रहेको प्रदेशसभा सचिवालयले जानकारी दिएको छ ।

प्रदेशसभा सचिवालयका अनुसार कृषिविकास विधेयक निर्माणको अन्तिम चरणमा थियो । शिक्षा, स्वास्थ्य तथा कृषि समितिमा छलफल भएर कृषि विधेयक प्रतिवेदन तयारीको अवस्थामा रहेको प्रदेशसभाका प्रवक्ता मनोज गुप्ताले जानकारी दिए । प्रतिवेदन बनेर प्रदेशसभामा लैजाने अन्तिम चरणमा रहँदा हिउँदे अधिवेशन नै अन्त्य भयो । विज्ञान प्रविधि र स्वास्थ्य सेवा संशोधन विधेयक समितिमा छलफल नै नभएको प्रवक्ता गुप्ताले बताए ।

अलपत्र तीनवटै विधेयक बजेट अधिवेशनअन्तर्गत् १४ भदौ २०८० मा बसेको प्रदेशसभा बैठकमा पेश भएको थियो । विज्ञानप्रविधि तथा नवप्रवर्तन तथा विकास कोष सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, प्रदेश स्वास्थ्य सेवा ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक र प्रदेश कृषि विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक पेस भएको थियो ।

बैठकमा पेश गरिएको प्रदेश सञ्चारमाध्यम व्यवस्थापन ऐन, ०७५ लाई संशोधन गर्न बनेको विधेयक गत २२ असोजको बैठकबाट पारित भएर कार्यान्वयनमा भइसकेको छ । प्रदेशसभाबाट गत २२ असोजमै प्रदेश सरकारी कामकाजको भाषा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सर्वसम्मत पारित भएको थियो । प्रदेश सरकारी कामकाजको भाषा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक कानुन बनेर २४ वैशाखदेखि कार्यान्वयनमा लाने सरकारले तयारी गरेको छ ।

हिउँदे अधिवेशन अन्तर्गत ५ दिनमा ५ घण्टा ११ मिनेट मात्रै बैठक चलेको प्रदेशसभा सचिवालयले जानकारी दिएको छ । ५७ दिनको अधिवेशन अवधिमा ६ वटा मात्रै बैठक बसेको प्रदेशसभा सचिवालयका प्रवक्ता गुप्ताले जानकारी दिए । उनकाअनुसार अधिवेशनभर शून्य समय भएन भने विशेष समय एउटा चलेको थियो ।

नेपाली कांग्रेसका उपनेता तथा निवर्तमान मन्त्री रामकृष्ण चित्रकारले सरकारले कानुन निर्माणमा चासो नदेखाउनु गम्भीर त्रुटी रहेको बताए । ५७ दिनसम्म बसेको हिउँदे अधिवेशन मुख्यमन्त्रीको विश्वासको मतका लागि मात्रै प्रयोग भएको उनको भनाई छ । 'कानुन बनाउन छोडेर मुख्यमन्त्री सरकार बचाउन र टिकाउमै व्यस्त हुनुभयो । अधिवेशनमा २०/२५ दिन हाउस बन्द गरेर राखियो तर, महत्वपूर्ण कानुन बन्न सकेन,' उनले भने ।

सरकारका प्रवक्ता आन्तरिक मामिला तथा कानुनमन्त्री गंगानारायण श्रेष्ठले राजनीतिक उतारचढावका कारण हिउँदे अधिवेशनले आवश्यक कानुन निर्माण गर्न नसकेको बताए ।

बजेट अधिवेशनमा सरकार बजेट निर्माणकै चरणमा केन्द्रित हुने भएकाले विधेयकमा समय दिन नसक्ने उनको भनाई छ । आवश्यकताका आधारमा बजेट अधिवेशनमै भए पनि विधेयक पास गरेर अगाडि बढ्ने उनले बताए ।

# बकैयालाई कराते उपाधि

साझाकुरा संवाददाता

हेटौंडा, १६ वैशाख/ थाहा नगरपालिकामा भएको मकवानपुर जिल्लास्तरीय खुल्ला कराते प्रतियोगिताको उपाधि बकैया गाउँपालिकाले जितेको छ ।



पालुङ बहुमुखी क्याम्पसको खेलमैदानमा भएको प्रतियोगितामा ९ स्वर्णसहित ७ रजत तथा ७ कास्यपदक हात पार्दै बकैयाले उपाधि जितेको हो । थाहानगर खेलकुद विकास समितिको आयोजना तथा थाहा कराते महासंघको व्यवस्थापनमा भएको प्रतियोगितामा ६ स्वर्णपदक हात पार्दै स्वच्छन्दभैरव कराते डोजो थाहानगर चित्लाङ टिम दोस्रो भएको छ । स्वच्छन्दले २ रजत र ९ कास्य हात पारेको छ । ३ स्वर्णपदक, ४ रजतपदक र ६ कास्य जित्दै थाहा कराते डोजो तेस्रो भएको छ ।

प्रतियोगितामा पुरुषतर्फ स्वच्छन्दभैरव डोजोका इनेश बलामी उत्कृष्ट खेलाडी घोषित भए । थाहा डोजोकी सुस्मिता दोङ महिलातर्फ उत्कृष्ट खेलाडी घोषित भइन् । विजेता खेलाडी तथा उत्कृष्ट टिम र खेलाडीलाई शिल्ड, मेडल तथा प्रमाणपत्र वितरण गरिएको थियो । थाहा नगरउपप्रमुख भरत गोपालीले प्रतियोगिताको उद्घाटन गरेका थिए । गोपालीले थाहा नगर पालिकाले खेलकुद क्षेत्रको विकासको लागि सहयोग गर्दै आएको बताए । गोपालीले नगरमा आयोजना हुने सबै खेललाई समान महत्व दिएको धारणा राखे ।

प्रतियोगितामा मकवानपुरका ६ पालिकाका ९ वटा डोजोको सहभागिता रहेको प्रतियोगिताका संयोजक मानसिं दोङले जानकारी दिए । प्रतियोगितामा बकैया डोजो, स्वच्छन्दभैरव डोजो, थाहा डोजो, लेवट डोजो, मकवानपुर डोजो, बज्रवाराही डोजो, बागमती डोजो, हेटौंडा डोजो, थानाभन्याङ डोजो र गढी डोजोको सहभागिता रहेको थियो । कार्यक्रममा थाहा-९ का अध्यक्ष राजकुमार बलामी, पालुङ बहुउद्देश्यीय सहकारी संस्थाका अध्यक्ष कृष्णबहादुर बिष्ट, सुन्दरीदेवी माविका प्रधानाध्यापक हरिकृष्ण कार्कीलगायतको उपस्थिति रहेको थियो ।

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

# २५ जनाले गरे रक्तदान

साझाकुरा संवाददाता

हेटौंडा, १६ वैशाख/ नेपाल रेडक्रस सोसाइटी हेटौंडा उपशाखा, हेटौंडा-४ द्वारा रक्तदान कार्यक्रमको आयोजना गरिएको छ । कार्यक्रममा २५ जनाले रक्तदान गरेका छन् ।

नेपाल रेडक्रस सोसाइटी हेटौंडा उपशाखा सभापति किशन घिसिङको अध्यक्षता एवम् हेटौंडा उपमहानगरपालिका-४ का वडाअध्यक्ष नवीन सिग्देलको प्रमुख आतिथ्यता रहेको थियो । कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी मकवानपुरका उपमन्त्री शिबहरि दाहालको बिशेष आतिथ्यमा सम्पन्न कार्यक्रममा नेरेसो मकवानपुरका उपकोषाध्यक्ष मंगल रखाल, कार्यालयप्रमुख लक्ष्मण भट्टराईं, हेटौंडा-४ का वडासदस्य एवम् भुवनेश्वर सेवा समितिका अध्यक्ष जगन्नाथ पाण्डे, श्रमिक माविका प्रधानाध्यापक श्रीराम दाहाल, शिक्षक संगठन मकवानपुरका सचिव मुकुन्द न्यौपाने, सामुदायिक प्रहरी सेवाकेन्द्र हेटौंडाका अध्यक्ष देवकुमार श्रेष्ठलगायत विभिन्न संघसंस्थाको प्रतिनिधि एवम् युवा रेडक्रस सर्कलका पदाधिकारी एवं सदस्यको उपस्थिति रहेको थियो ।

उपशाखाको नियमित कार्यक्रमको रुपमा रक्तदान आयोजना गरिएको उपशाखाका सचिव हिक्मत श्रेष्ठले जानकारी दिए । बिपदको समयमा रेडक्रसको आवश्यता र महत्व अझ धेरै रहेकोले केही समयभित्र शिक्षकको सहभागितामा विपद व्यवस्थापन तथा प्राथमिक उपचारको तालिमको आयोजना गर्ने योजना रहेको उपशाखा कोषाध्यक्ष सीताराम दाहालले बताए ।

# बागमतीबाट अवैध सालको काठ बरामद

साझाकुरा संवाददाता

हेटौंडा, १६ वैशाख/ मकवानपुरको पूर्वीक्षेत्रस्थित बागमती गाउँपालिका-२ भुर्कुसबाट ठुलो परिमाणमा अवैध सालको चिरान काठ बरामद भएको छ ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरका अनुसार आइतवार बिहान भुर्कुसटोलबाट बा.५ ख ५४०० नम्बरको टिपरमा लोड गर्दै गरेको अवस्थामा १८७ थान २१७.४२ क्यूफिट चिरान सालको काठ बरामद गरेको हो । काठसहित ट्रिपर र ट्रिपरचालक मकवानपुरगढी गाउँपालिका-२ बस्ने वर्ष २५ को आइतसिङ मोक्तानलाई नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ ।

काठसहित ट्रिपर र ट्रिपर चालकलाई आवश्यक अनुसन्धान तथा कारवाहीको लागि आइतबार बिहान डिभिजन बन कार्यालय मकवानपुरलाई बुझाएको प्रहरीले जनाएको छ ।

Education is the real treasure

ADMISSIONS OPEN FOR 2081
From Nursery to Grade 9



Scholarships
a feature of socially responsible institution ....
Madhav Raj Sumargi Memorial Scholarship based on Entrance Tests 189+Seats
Rup Chandra Bista "Thaha" Memorial Scholarship based on Students' Talent 108+Seats
Bishwakanti Kalawati Sumargi Scholarship based on Students' Rank 39+Seats

Hurry Up !
Seats are limited
Book your seat on time

HETAUDA ACADEMY
Residential Secondary School
Shahid Smarak, Nawalpur, Hetauda, Nepal
☎057-525548 ☎057-525547 ☎057-523547
www.hetaudaacademy.edu.np | info@hetaudaacademy.edu.np

**ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?**

अब निराश नहुनुहोस्...
हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

हाम्रा विशेषताहरूः
- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



सम्पर्क कार्यालयः
सितलमहल चोकबाट
ॐ हल जाने बाटोमा

प्रबन्ध निर्देशकः टिका कुमारी दुलाल
के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र
हेटौंडा-५, पिप्ले, मकवानपुर
सम्पर्कः ९८४५१७०४१५, ९८१७२८४६१४, ९८४५९२७०५७

साझाकुरा

## हाम्रो कुरा

# विद्यार्थी भर्ना र घरदैलोको औचित्य

मकवानपुरको मनहरी गाउँपालिका ४ नम्बर वडा कार्यालयले वडाको तीनवटा विद्यालयको संयुक्तरुपमा विद्यार्थी भर्ना घरदैलो अभियान संचालन गरेको छ । वडाका सबै बालबालिकालाई विद्यालयको पहुँचमा पुऱ्याउन घरदैलो गरिएको बताइएको छ । बैशाख लागेपछि हरेक विद्यालयले घरदैलो अभियान गरेको समाचारहरु आएका छन् । अझ कतिपय विद्यालयले छिमेकी विद्यालयको विद्यार्थी आफ्नोमा ल्याउनका लागि छिमेकी विद्यालयको बिरुद्धमा नकारात्मक सन्देश प्रबाह गरिरहेका छन् । फलानो विद्यालय भन्दा हाम्रो विद्यालय राम्रो छ भनेर फलानो विद्यालयको बिषयमा नकारात्मक टिकाटिप्पणी गर्नु आवश्यक छैन । यसरी गरिएको घरदैलो अभियान केवल फोटो खिच्ने र सामाजिक संजालमा पोष्ट गर्ने बाहेक कुनै उपलब्धी हुनेवाला छैन ।

सामुदायिक विद्यालयमा विद्यार्थी भर्नामा घरदैलो गर्नुपर्ने आवश्यकताका बारेमा सरकार अझै संबेदनशील बन्न सकेको छैन । विद्यार्थीलाई विद्यालयमा ल्याउने भन्दा पनि विद्यालयमा आएका बालबालिकालाई राम्रोसँग केयर गर्न सकेको खण्डमा प्रभावकारी सिकाई हुनसक्छ । सरकारको नीतिमा केही सुधार गर्नु जरुरी छ । बालबालिकालाई घरमा खोज्न जाने भन्दा पनि विद्यालयमा आएपछिको अवस्थामा दिनुपर्ने संरक्षणमा ध्यान दिनु उपयुक्त हुने थियो । सामुदायिक विद्यालयमा सिकाईको अवस्था जइादै कमजोर छैन । मात्र बालबालिकाप्रतिको चासो र संरक्षणमा समस्या छ । सरकारले टोलैपिच्छे विद्यालय संचालन गरेर बढी उदारबादी नीति लिएको छ । नेपालको हरेक गाउँपालिकामा २ वटा मात्र विद्यालय संचालन गर्ने हो भने निजी विद्यालयमा भन्दा राम्रो सिकाइ उपलब्धी सामुदायिक विद्यालयमा हुनेछ । एउटा गाउँपालिकामा ३०/४० वटा विद्यालय खोलिएको छ सबै विद्यालयमा दर्बन्दी दिन सकेको छैन । दर्बन्दी अभावमा शिक्षकले प्रभावकारी काम गर्न सकेका छैनन् । 'बिग स्कूल' को अवधारणामा जाने हो भने दर्बन्दी बढी नै हुनेछ । हरेक पालिकामा २ वटा मात्रै विद्यालय संचालन गर्ने हो भने टाढका बालबालिकालाई आवासीय सुबिधा उपलब्ध गराउने, होस्टेलमा निगरानीपूर्वक पढाउने, नजिकै तर, पैदलयात्रामा आउन नसक्ने विद्यार्थीलाई सडकको अवस्था हेरेर साइकल उपलब्ध गराउने, विद्यालय बसको ब्यवस्था गर्ने हो भने अहिले भइरहेको शिक्षा क्षेत्रको आधा लगानीले सबै विद्यालयको गुणस्तर निकै माथी पुग्छ । यो विषयमा बहस गर्न ढिलाई भइसकेको छ ।

हरेक पालिकामा यो विषयमा बहस चलाउनु जरुरी छ । बालबालिकालाई उसको क्षमता अनुसारको अध्ययनमा जान दिने ब्यवस्था गर्नुको बिकल्प छैन । नत्र भने हामीले खाडी मुलुकमा जनशक्ति आपूर्ति गर्ने केन्द्र मात्रै संचालन गरिरहेका हुनेछौं । खाडी मुलुकलाई काम लाग्ने जनशक्ति उत्पादन गर्न छोडेर नेपाली माटोलाई उपयोगी हुने जनशक्ति उत्पादन गर्न शिक्षा क्षेत्रमा आमूल परिवर्तन गर्न जरुरी छ । खाडीलाई जनशक्ति उत्पादन गर्ने नीति रहेसम्म सामुदायिक विद्यालयको शैक्षिक अवस्थामा सुधार आउनेवाला छैन । नीतिगत रुपमै समाधान गर्न अग्रसरता देखाउनु पर्छ । राम्रोसँग शिक्षा क्षेत्र सुधार गर्ने हो भने बिग स्कूलको बिकल्प छैन । विद्यालय मर्ज गरौं । बिग स्कूलको अवधारणामा ब्यापक बहस चलाउन ढिलाई भइसकेको छ । पालिका रहेका एक जना विद्यालय निरीक्षक वा शिक्षा प्रमुखले ३०/४० वटा विद्यालय हेर्नुपर्ने अवस्था रहेसम्म साँच्चै सुधार सम्भव छैन । सुधार गर्ने कुरामा भाषण बाहेक कुनै उपलब्धी हासिल गर्न सकिन्न । बिग स्कूलको अवधारणाबारे बहस चलाउन किन ढिलाई गर्ने ?


## महत्वपूर्ण टेलिफोन नम्बरहरु

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक


## भोलिको पात्रो

भोलि वि.सं. २०८१ बैशाख १८ गते मंगलबार ३० अप्रिल २०२४ । सप्तमी, बैशाख कृष्णपक्ष । चौलागा ११४४ ने.सं. । सूर्योदय ५:२७, सूर्यास्त ६:३६ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : कार्यमा ढिलाइ | **तुला** | : आफन्तबाट सहयोग |
| **वृष** | : ऋृण र शत्रु वृद्धि | **वृश्चिक** | : शत्रुबाट बाधा सृजना |
| **मिथुन** | : शैक्षिक कार्यमा सफलता | **धनु** | : सहयोगीहरूले राम्रो साथ दिनेछन् |
| **कर्कट** | : परिवारमा विवाद | **मकर** | : रोकिएका काम बन्नेछ |
| **सिंह** | : खिन्नता रहने | **कुम्भ** | : व्यापारमा विशेष फाइदा हुनेछ |
| **कन्या** | : शैक्षिक कार्यमा सफलता | **मीन** | : शत्रु सजिलै हराउन सकिनेछ |

# मुलुक कस्तो बनाउने भन्ने सरकारको हातमा



✍ रमेश केशरी वैद्य

चार दशक बित्दा पनि देशको विकास राम्ररी हुन सकेन । कारण एकातिर जनसंख्या वृद्धिको विकास, अर्कोतिर भ्रष्टाचारको विकास । यी दुई मिश्रणले गर्दा मानिसले सोचेको विपरीत भइराखेको छ ।

मानिसले आफ्नो जीवन धान्न मुस्किल हुनु, व्यापार चौपट हुनु, बेरोजगार बढ्नु, महँगी बढ्नु शायद यिनै कारणले गर्दा देशमा लोकतन्त्र आएर पनि मानिसको यो हबिगत होला भनेर कसैले सोचेका थिएनन् । तर जुन कुरा सत्य हो त्यसलाई वर्णन गर्नु जरुरी पनि छ । अहिले मुलुकमा आर्थिक मन्दीका कारण लोकतन्त्र/गणतन्त्र आएर पनि मानिसहरु उति खुशी छैनन् । कारण देशको अवस्था नै जता हेऱ्यो त्यस्तै नाजुक छ ।

एकातिर मानिस दिन-प्रतिदिन लालची र स्वार्थी भएका छन् भने अर्कोतिर देशमा भएको जलविद्युत्, पर्यटन, कृषिजस्ता ठूला-ठूला प्रोजेक्टहरुले पनि उति फड्को मार्न सकिराखेका छैनन् । यसबाहेक देशमा कैयौं उत्पादनका स्रोत छन्, रकम छ, म्यानपावर छ तर मानिसको स्वार्थ र शुन्य खोपडीका कारण हामीले यी कुराबाट मनग्य आम्दानी गर्न सकिराखेका छैनौं । अथवा हाम्रो देशले पनि मनग्य आम्दानी गरेर स्वदेशमा नै रोजगारको सृजना गरी बेरोजगार समस्या समाधान गर्न सकेको छैन । नेपालीहरुको दुर्भाग्य भन्ने कि हाम्रो राम्रो दिन नआएको भन्ने ? भगवानले नै देश चलाउनेहरुको खोपडीलाई राम्रो नबनाएको हो ? त्यो कुरा भने बुझ्न सकिएन । मुलुक हाँक्नेहरु र प्रतिपक्षहरुको कुर्सीको खिचातानीका कारण नेपालीहरुको राम्रा दिन र जिन्दगी खेर गइराखेको देखिन्छ ।

एकातिरबाट हेर्दा मुलुकको विकास भइराखेको जस्तो पनि देखिन्छ, अर्कोतिर अहिले महँगी, बेरोजगार, अशान्त वातावरणले मुलुक झन् खस्किराखेको आभास हुन्छ । अहिले देशमा प्राय: मानिसको चाहना नै राजनीतिमा जाने र सजिलो तरिकाले पैसा कमाउने भइसकेको छ । यसको लागि जे पनि गर्ने मानिसहरुको मानसिकता भएको छ ।

शायद यही कारणले राजनीतिक परिवारको आकार पनि सधैं बढेको देखिन्छ । यो देशको लागि बोझ हो । यो बोझ विकासका लागि बाधक भएर उभिएको छ । सर्वप्रथम यस्तो स्वार्थी संस्कारको अन्त्य हुनु आजको आवश्यकता हो अनि मात्र सरकारहरुले राम्ररी काम गर्न सक्नेछन् । नत्र भने जनताको गाली खाने मात्र हो । देशको एउटा विडम्बना अल्छीपना पनि हो । एकातिर देशमा बाँझो जमिन अपार छ तर सरकारको राम्रो भिजन र उदार मनको कमीले गर्दा यसबाट हामीले फाइदा लिन सकिराखेका छैनौं । त्यसकारण अब यस्तो हुन भएन, कुर्सीमा बस्नेहरु राम्रो सोच लिएर बदलिनु जरुरी छ ।

देशमा हरेक दलले आफ्नो भविष्य मजबुत पार्नका लागि पर्याप्त कार्यकर्ताहरु पालेका हुन्छन् । एक हिसाबले देश विकासका लागि यो पनि एक घाँडो नै हो । देशमा खुट्टा तान्ने संस्कार हाबी छ । चाकडीको विकास भएको छ । आर्थिक नोक्सानका साथै कलहको विकास भइरहेको छ । यस्ता कुराहरु पनि धेरै कार्यकर्ता र चाकडी प्रथाले नै भइराखेको मान्न सकिन्छ ।

यो सबैका लागि चिन्ता तथा कपाल दुखाइको विषय हुन आएको छ । मुलुक कस्तो बनाउने भन्ने त्यो देशको सरकारको हातमा हुन्छ । सही र भिजन भएको सरकार भयो भने मुलुक बन्न धेरै कुर्नुपर्दैन । नेपालको परिप्रेक्ष्यमा भन्दा खाली आफ्नो दुनो सोझ्याउने कार्यले मुलुक अगाडि बढ्न सकेन । त्यसैले अब देशको कायापलट गर्ने हो भने सबै पक्ष बदलिनु जरुरी छ ।

अल्छीपन, नकारात्मक सोच, चाकडीबाज, अपशब्द बोल्ने, खुट्टा तान्ने, गलत किसिमले पैसा कमाउने आदि प्रवृत्ति अन्त्य गर्नका लागि जनचेतना जगाउनु जरुरी छ । यसबाहेक सरकारमा बस्ने हिरोहरु पनि एकोहोरो घमण्डी नभई बदलिनुपर्दछ । सरकारमा रहनेहरुले आफ्नो र आफ्नो दल, परिवारको चिन्ता गर्न छोडी उदार मन लिएर बदलिनुपर्छ । विदेशीको गुलामी नगर्ने, विदेशीसँग देशको आन्तरिक कुरा नखुलाउने, सांसद र मन्त्री भएपछि एकदम काम गर्ने, बजेट पनि खर्बबाट अर्बमा झार्ने प्रवृत्तिको विकास गर्नुपर्छ । किनकि अहिलेको समय धेरै विकासको परिकल्पना गर्नुभन्दा देशको जग बसाल्ने समय हो ।

यसै गरी विदेशीको ऋणभार पनि बिस्तारै तिरेर देश र जनतालाई स्वाभिमानी बनाउनुपर्छ । विदेशी ऋणले गर्दा हामी सधैं विदेशीको नोकरजस्तो भएर बस्न हुँदैन । अहिलेको घडीमा संघीयता पनि खारेज गर्ने हो । किनकि संघीयताले गर्दा देशमा आर्थिक बोझबाहेक खासै फाइदा देखाएको छैन । न त प्रदेशहरुको द्रुत विकास भयो । यदि संघीयता खारेज गर्न नसकेको खण्डमा यसको लागि खर्च कम गर्ने र कडाइ गर्ने कुरापट्टि लाग्नुपर्छ ।

यति काम सरकारले मुलुकको लागि गर्न सक्यो भने मुलुकको कायापलट हुनेछ । त्यसका लागि सरकारले उदार मन लिएर देशमा भएका उत्पादन एवं अन्य आयस्रोतलाई बढाउनको लागि लगानीकर्ताहरुलाई आकर्षित गर्नुपऱ्यो । उनीहरुलाई कर खुकुलो गर्ने र सुरक्षा दिई हौसला एवं प्रोत्साहन दिनुपऱ्यो । हेरौं, अब मुलुक बनाउनका लागि सरकारको सोच कत्तिको बदलिने हो ? कताकति केही लक्षण देखिन लागेको पनि छ ।

सरकारमा रहनेहरुले स्वार्थीपन त्यागेर मुलुककै लागि कस्सिनुपऱ्यो । सरकारबाहिर रहनेहरुले पनि खुट्टा तान्ने प्रवृत्ति त्याग्नुपऱ्यो । सर्वसाधारण जनताले सही व्यक्तिको छनोट गरेर प्रतिनिधिको रुपमा पठाउनुपऱ्यो । अहिलेको अवस्था हेर्दा केही आशाका किरण पलाएका छन् । त्यसैले आशा गरौं, केही वर्षमा नै मुलक कायापलट हुनेछ ।

*(साभार: नेपाल समाचार-पत्र)*

# भाष्य निर्माणमा नकारले लपेटिएको नेपाली समाज

✍ गोविन्दराज केसी

नकारात्मक भाष्य निर्माणको पाटोबाट आफ्नो मतलाई सुरुवात गरौं । शहरिया एलिट तथा मध्यम वर्गको जीवनशैली, सोचाइ र उपभोगको अवस्था स्वाभाविक हिसाबले ग्रामीण क्षेत्रको भन्दा पृथक् हुन्छ । यातायात, विद्युत्, इन्टरनेट, खानेपानी लगायत सुविधासँग जोडिएपछि ग्रामीण क्षेत्रले सुगमताको लामो सास फेर्छ । तर त्यसको अलावा शहरले सुशासन खोजिरहेको हुन्छ । सडकमा ट्राफिक जाम नहोस्, प्रशासनमा काम फटाफट होस् । धुवाँ-धुलो र होहल्लाले जीवनलाई प्रभावित नपारोस् । शिक्षा र स्वास्थ्य गुणस्तरीय र भरपर्दो होस् । महङ्गीले चुलोमा निरन्तर आक्रमण नगरोस् । रोजगारीका पर्याप्त अवसरहरू सृजना होउन् र सरकारले बारम्बार नीतिगत फेरबदल गरेर व्यापार व्यवसायमा प्रहार गर्ने काम नगरोस् ।

हेर्दा, सुन्दा बहुतै सरल लागे पनि माथिका शर्तहरू देश विकासको मूल खम्बा हुन् ।

तर, पुराना राजनीतिक दल र नेताहरूको धोकाधडी र गलफत्ती, प्रदेश सरकारको ६-६ महिनामा भइरहेको फेरबदल, राजनैतिक नियुक्ति पाएका व्यक्तिहरूको विगत, नेता र तिनका आफन्त र नातागोताहरूको भ्रष्टाचार, तस्करी र कमिसनमा संलग्नताले शहरिया वर्ग सहित आम सर्वसाधारण आक्रान्त बनेका छन् । यो पृष्ठभूमिमा देशले धेरथोर विकासको लय समात्दा पनि सकारात्मक भाष्यको निर्माण हुनसक्दैन ।

नेपालको शहरिया वर्ग यिनै मुद्दाहरूबाट आफू आक्रान्त बनेको र निस्सासिएको महसुस गरिरहेको छ । सञ्चारमाध्यम, गोष्ठी, कार्यशाला वा कफी शपहरूका बहस वा गफ यिनैका दुष्परिणामहरू हुन् ।

अब भाष्य निर्माणको अर्को पाटो हेरौं ।

नयाँ वर्षको सुरुवातीसँगै गत वैशाख ३ गते नागढुङ्गादेखि सिस्ने खोलासम्मको २ हजार ६६७ मिटर लामो सुरुङ मार्गको ब्रेक-थ्रु भयो । सुनकोशी-मरिन डाइभर्सन बहुउद्देश्यीय परियोजनाको टनेल खन्ने काम पनि वैशाख महिनाभित्रै सम्पन्न हुने सम्बन्धित स्रोतको दाबी छ । चिनियाँ राजदूत छन सोङका अनुसार यस आयोजनामा अत्याधुनिक मेशिनको सहायताले एक महिनामा १ हजार ५०३.३ मिटर सुरुङ खनेर विश्व कीर्तिमान कायम गरेको छ । यसअघि यस्तो कीर्तिमान १ हजार २२४.१३ मिटर रहेको समेत उनको दाबी थियो ।

त्यसैगरी विद्युत् उत्पादन र विद्युतीकरणको पछिल्लो रफ्तार स्मरणयोग्य नै छ । स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था 'इप्पान'का अनुसार २०८० मा मात्रै ५५१ मेगावाट जडित क्षमताको ऊर्जा परियोजना सञ्चालनमा आएका छन् । नेपाल विद्युत् प्राधिकरणका अनुसार २०८० मा थपिएको समेत गरी नेपालको कुल जलविद्युत् जडान क्षमता ३ हजार १४५ मेगावाट पुगेको छ । यसअघि २०८० साउनमा पत्रकार सम्मेलन मार्फत नेपाल विद्युत् प्राधिकरणका प्रबन्ध निर्देशक कुलमान घिसिङले ९५ प्रतिशत जनसंख्या विद्युत्को पहुँचमा पुगेको जानकारी दिएका थिए । केही वर्ष अगाडि दैनिक १६ घण्टासम्म लोडसेडिङको मार खेपेको नेपाली समाज अहिले विद्युत् बिक्रीबाट अर्बौंको आम्दानीको खबर सुनिइरहेको छ ।

त्यसैगरी नेपाली सेनाले निर्माण गरिरहेको काठमाडौं-तराई/मधेश द्रुतमार्गको सुरुङ, पुल र सडक निर्माणको काम तीव्र रूपमा अघि बढिरहेको छ । पर्यटकको आगमन पनि सन्तोषजनक रहेको तथ्याङ्कहरूले देखाइरहेको छ । सन् २०१९ मा ११ लाख ९० हजार पर्यटक आएकोमा २०२३ मा यो संख्या १० लाख १४ हजार ८७६ मा पुगेको छ । कोभिड महामारीले अलगथलग पारेको पर्यटन व्यवसाय लगभग कोभिड-पूर्वको अवस्थामा फर्किएको छ । त्यस्तै सूचनाप्रविधिको क्षेत्रले गुणात्मक फड्को मारेर कुल गार्हस्थ्य उत्पादन (जीडीपी)मा पर्यटन व्यवसायलाई पछ्याइरहेको काठमाडौंस्थित अनुसन्धानमूलक संस्था आईआईडीएसको पछिल्लो अध्ययनले देखाएको छ । संस्थाका अनुसार सन् २०२२ मा आईटी सेक्टरले ५१५ मिलियन अमेरिकी डलर बराबरको सेवा आपूर्ति गरेको थियो जुन कुल जीडीपीको १.४ प्रतिशत हो ।

नेपाल श्रीलङ्का बन्दैछ भनेर सडकदेखि संसद्सम्म चर्को बहस पैरवी भएको दुई वर्ष वरिपरि हुनथालेको छ । वैदेशिक मुद्रा सञ्चितिको मात्र वस्तु तथा सेवा आयातको लागि झण्डै साढे ६ महिनाका लागि पर्याप्त रहेको तथ्याङ्कले देखाएको थियो । तर नेपाल राष्ट्र बैंकको पछिल्लो तथ्याङ्कले आर्थिक वर्ष २०८०/८१ को आठ महिनाको आयातलाई आधार मान्दा बैंकिङ क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चितिले १४.८ महिनाको वस्तु आयात धान्न पर्याप्त रहेको देखाएको छ । देश पहिलेभन्दा झन् बिग्रियो, भत्कियो, हरेक नकारात्मकताले सिमाना नाघिसक्यो भनेर अहिले होहल्ला भइरहेको छ । के पहिलेका शासकहरूले देशलाई स्वर्ग बनाएका थिए ? हामी पहिले सुशासन र अमनचयनले व्यवस्थित भएका थियौं र अहिले त्यो भत्कियो ? बिल्कुल होइन ।

समाज र चेतना जहिले विज्ञान र प्रविधिको विस्तारसँगै विस्तार र समृद्ध हुँदै जान्छ । नेपाली समाज पनि त्यसबाट अछुतो छैन । चेतनाको स्तर अभूतपूर्व विकास भएको छ । रोजगारीको लागि देशको सीमा नाघेर संसारको कुनाकुनामा पुगेको छ । हुनत विदेशी गन्तव्यलाई असाध्यै नकारात्मक कोणले हेर्ने बानी नेपालीको छ । तर आर्थिक विकास र भूमण्डलीकरणको लेन्सले हेर्दा आजको युगमा यो अपरिहार्य बनेको छ । गाउँगाउँमा मोटरबाटो पुगेको छ । बिजुली तथा सञ्चारले गाउँलाई देश-विदेशसँग जोडेको छ । पहाडमा घण्टौं लागेर खानेपानी बोक्ने समस्या हटेको छ । दाउरालाई ग्याँस चुलेले विस्थापित गरेको छ । ह्वाइट हाउसमा जो वाइडेन र दूरदराजमा बस्ने हाम्रा आमा-बाहरूले टेलिभिजनमा देख्ने, हेर्ने घटना, सिनेमा, समाचार एउटै हुन् ।

गाउँले जनसमुदायलाई विकास भएको छ कि छैन भनेर सोध्ने हो भने विरलैले भन्लान् कि भएको छैन भनेर । छोटो समयमै नेपाली ग्रामीण समाज नयाँ स्थानमा उभिएको छ । त्यसैगरी नेपाली समाज आर्थिक-सामाजिक-सांस्कृतिक कोणबाट तीव्र संक्रमणको अवस्थामा छ । माओवादी युद्ध, २०६२-६३ को जन-आन्दोलन र अन्य स-साना आन्दोलनहरूले स्थापित गरेका मुद्दाहरू संस्थागत भए पनि अपेक्षित जनआकांक्षा पूरा गर्न नसक्दा संकटमा परेका छन् ।

र, त्यसको संशोधन वा विघटनका मागहरूले सडक तात्न थालेको छ । वैदिशिक रोजगारी र अध्ययन नयाँ फेसनको रूपमा उदाएको छ । गणना गर्दा एउटा सानो गाउँमा करोडपतिको संख्या १०० भन्दा माथि पुग्न गाह्रो छैन । अमेरिका, युरोप, अष्ट्रेलिया, दक्षिणकोरिया, जापान, इजरायल अहिले नेपालीको लागि पानीपँधेरो जस्तो बन्न थालेको छ । त्रिभुवन विमानस्थलमा देखिने दैनिक हजारौं युवाको लस्करले यसलाई पुष्टि गरिरहेको छ । जनसंख्या वृद्धिदर ह्वात्तै घटेको छ । केही दशक अगाडिसम्म आधा दर्जन बढी सन्तानको जन्म सामान्य जस्तै थियो । अहिलेको युवापुस्ता ३५ वर्ष पुग्दासम्म बिहेवारीको लागि हतार गर्दैन । जन्मदर १ प्रतिशत तल झरिसकेको छ । बन्द समाज भूमण्डलीकरणसँग एकाकार भएको छ । अंग्रेजी नयाँ वर्षदेखि जन्मदिन मनाउने विदेशी शैली यतिखेर आम-संस्कृतिको रूपमा विकास भएको छ । गहिरोसँग नियालेर हेर्दा नेपाली अर्थ-सामाजिक संरचनामा कायापलट भएको देखिन्छ । यहाँनेर प्रश्न उठ्छ कि नेपाली समाज किन यतिविघ्न कृतघ्न छ । प्रगति, विकास र सकारात्मक रूपान्तरणलाई किन नजरअन्दाज गरिरहेको छ ? भू-राजनीतिमा शक्तिहरूको निर्माण र विनिर्माणले भाष्यको निर्माण कसरी हुन्छ भन्नेबारे पछिल्ला केही अन्तर्राष्ट्रिय घटनाहरूको समीक्षा गरौं ।

पहिलो- अमेरिका लगायत अन्य युरोपियन बुद्धिजीवी, विद्वत् समुदाय, अनुसन्धानमूलक संघ-संस्थाहरू, सञ्चारमाध्यम लगायतले सन् १९८० यता चीनले तीव्र गतिमा आर्थिक विकास गऱ्यो र ८०० लाख मानिसलाई गरिबीको रेखाबाट माथि उठायो । तर चीन सन् २०१२ मा सी जिनपिङको सत्ता आरोहणसँगै तीव्र गतिमा निरंकुश र अधिनायकवादको दिशामा अगाडि बढिरहेको छ । यसले उदार र खुला बजारमा आधारित विश्व व्यवस्था (रुल्स बेस्ड इन्टरनेशल अर्डर) लाई उल्टाउँदैछ ।

दोस्रो- जारी रूस-युक्रेन, इरान-इजरायल र इजरायल-प्यालेस्टाइन युद्धले अमेरिकाको वैश्विक श्रेष्ठता अन्त्य गरिदिएको छ र विश्व दोस्रो शीतयुद्धमा प्रवेश गरेको छ ।

तेस्रो- चिनियाँ अर्थतन्त्रमा चुचुरो (पिक) मा पुगेको छ । अब चीनले अमेरिकालाई उछिनेर विश्वको पहिलो अर्थतन्त्र बन्न सक्दैन ।

चौथो- भारतीय अर्थतन्त्रको विस्तार लोभलाग्दो छ । यसले चिनियाँ अर्थतन्त्रलाई समेत उछिन्ने सामर्थ्य राख्छ । सन् २०३० भित्र नै ७ ट्रिलियन जीडीपीको रूपमा विश्वको तेस्रो अर्थतन्त्रमा दरिनेछ ।

अन्तर्राष्ट्रिय भूराजनीतिक प्रतिस्पर्धाले भाष्यको निर्माण कसरी गर्दछ भन्ने यी केही उदाहरणहरू हुन् । यो भाष्य निर्माणमा मुख्यत: पश्चिमा सञ्चारमाध्यम, बुद्धिजीवी र संघ-संस्थाहरू रहेका छन् । सन् १९९० पछिको अमेरिकी नेतृत्वको एकुवीय विश्व व्यवस्थामा चीन, रूस, इरान, उत्तरकोरिया, भेनेजुएला जस्ता देशहरूले चुनौती खडा गरेपछि क्रमिक रूपमा यस्ता भाष्यहरूले विश्वस्तरीय रूप ग्रहण गर्दै गइरहेका छन् ।

अब भाष्य निर्माणबारे केही व्याख्या गरौं ।

अर्थशास्त्री स्टेफेन रोचले आफ्नो पुस्तक 'एक्सिडेन्टल कन्फ्लिक्ट: अमेरिका, चाइना एण्ड द फल्स न्यारेटिभ'मा अमेरिका र चीनबीच जारी संघर्षले निर्माण गरेको कथा र त्यसले निर्माण गरेको 'झुटा भाष्य' (फल्स न्यारेटिभ)ले दुई देशलाई कसरी विनाशकारी युद्धतर्फ डोहोऱ्याइरहेको छ भन्ने स्पष्ट पार्दै भनेका छन्, 'झूटको दोहोऱ्याइले प्राय: विश्वास पैदा गर्छ ।'

एक शताब्दी अगाडि नै शोभियतकालीन मार्क्सवादी दार्शनिक लेनिनले भनेका छन्, 'एउटा झुट बारम्बार बोलियो भने त्यो सत्य बन्छ ।' भाष्य एकैपटक वा एकै दिनमा स्थापित हुँदैन । यसको लागि अथक् र निरन्तरको प्रयत्न चाहिन्छ ।

सन् २०१३ को नोबेल पुरस्कार विजेता अर्थशास्त्री रोबर्ट जे. शिलरले, भाष्य निर्माणबारे आफ्नो पुस्तक 'न्यारेटिभ इकोनोमिक्स' मा भनेका छन्- उदाहरणका लागि, बीसौं शताब्दीको दोस्रो आधाका कथाहरूले स्वतन्त्र बजारहरूलाई 'कुशल' बजारको रूपमा व्याख्या गर्दछ, त्यसैले सुधारका लागि चालिने सरकारी कदमहरू पनि अप्रभावी हुन्छन् । तर समयक्रमले यसलाई पुष्टि गर्न सकेन । २००८ को वित्तीय संकट, २०१९ को अन्त्यतिर सुरु भएको कोभिड-१९ महामारी र वातावरणीय परिवर्तनले निरन्तर सरकारी हस्तक्षेपको माग गरिरहेको हुन्छ ।

विमजी.कमका अनुसार 'भाष्य भनेको कुन घटनासँग सम्बन्धित र कुन क्रममा सम्बन्धित हुने भन्ने छनोट हो- त्यसैले यो कथा आफैं भन्दा पनि कथाको प्रतिनिधित्व वा विशिष्ट अभिव्यक्ति हो ।' प्राध्यापकद्वय आन्द्रेयस एन्टोनियाडस र वेन ओ'लफलिनले भाष्यबारे आफ्नो मत राख्दै भनेका छन्- 'भाष्यले आफूलाई सामान्यत: मानव कार्यसँग जोडिएका अनुक्रमहरूको बारेमा कथाहरू सुनाउने अभ्यासको रूपमा वर्णन गर्दछ ।' नयाँ बन्ने र पुरानो भत्किने प्रक्रियामा भाष्यको निर्माण तेज गतिमा निर्माण र विस्तार हुनेगर्दछ । भाष्य निर्माणलाई विकास वा विघटनको साधनका रूपमा पनि परिभाषित गर्न सकिन्छ । भाष्य निर्मणको लागि लामो अनुभव, बारम्बार युद्धमा संलग्न, दुस्मनको शक्ति, रणनीति र योजनालाई स्पष्टसँग बुझेको र त्यसले आफूलाई पार्न सक्ने प्रभाव र खतराबारे सूक्ष्म ज्ञान भएको हुनुपर्छ ।

भाष्य निर्माणका लागि अमेरिकी र युरोपियनहरू अब्बल मानिन्छन् । पर्याप्त आर्थिक स्रोतसाधन र स्थापित सञ्चारमाध्यम तथा भाषाको कारण उनीहरूको भाष्य छिटो बिक्ने र विश्वभरि प्रवाह हुने गर्दछ । तर अन्य उदाउँदा शक्ति राष्ट्रहरू यसमा कमजोर देखिन्छन् वा पश्चिमाहरूले नै त्यस्तो भाष्यको निर्माण गर्ने गर्दछन् । भाष्यलाई भाइरल बनाउने काम स्थापित व्यक्तित्वहरूको हो । सामाजिक सञ्जाल, पत्रिका तथा टेलिभिजन वा सूचना वा सञ्चारका माध्यमहरू, कलाकार, बुद्धिजीवी, खेलाडी, लेखक वा अन्य कुनै स्थापित संघ-संस्थाले हो । नेपालमा यस्ता स्थापित व्यक्ति तथा संस्थाहरूले सकारात्मक भाष्य भन्दा नकारात्मक भाष्यको निर्माणमा बढी जोड दिइरहेका छन् ।

भाष्यले कथालाई जानकारीमा वा अझ भन्नुपर्दा, प्राप्तकर्ता (अडियन्स) को लागि ज्ञानमा परिणत गर्दछ । प्रत्येक 'कथाको घटना' ज्ञानको एक एकाइ हो जुन दर्शकहरूलाई चाहिन्छ । मूलत: भाष्यको निर्माण शक्तिशालीहरूले गर्ने गर्दछन् । आर्थिक स्रोतसाधनको प्रयोग गरी सञ्चार माध्यमहरूको सुव्यवस्थित परिचालनबाट भाष्यको निर्माण गरेको देखिन्छ । भाष्यको निर्माण आफ्ना रणनीतिक अभीष्टहरू परिपूर्तिका लागि गरिन्छ । मुख्यत: आफ्ना विरोधीहरूले प्राप्त गरेको ख्यातिलाई निस्तेज गर्न भाष्यको सिर्जना र स्थापित गरिन्छ । भाष्य निर्माणको ज्ञान र अनुभवमा नेपालीहरू विश्वमै सबैभन्दा कमजोर छन् वा भाष्य कसरी निर्माण गर्ने र स्थापित गर्ने भन्नेबारे सामान्य जानकारी समेत छैन । केही स्थापित बनेका भाष्यहरू नियोजित, योजना र रणनीतिमा होइनन्, बहकावमा स्थापित बनेका हुन् ।

अन्त्यमा चर्चित अमेरिकी राजनीतिशास्त्री फ्रान्सिस फुकुयामाले आफ्नो चर्चित पुस्तक 'पोलिटिकल अर्डर एण्ड पोलिटिकल डिके'मा 'राष्ट्रिय भाष्य'बारे विशद व्याख्या गर्दै भनेका छन्, 'भाष्य नागरिकहरूको लागि आफ्नो इतिहासको साझा बुझाइको लागि एक राजनीतिक साधन हो । जसले त्यसपछि यसको भविष्यको साझा बुझाइमा डोऱ्याउँछ । यो साझा समझको साथ, जनता थप एकताबद्ध हुन्छन्, जसले राष्ट्रलाई धेरै ठूला कामहरू सम्पन्न गर्न सक्षम बनाउँछ ।'

यसर्थ सकार वा नकारको प्रचार र प्रवाहको लागि भाष्य निर्माण आफैंमा सबैभन्दा महत्वपूर्ण कुरा हो । तर यसलाई सकारात्मक कथा बुनेर देश आर्थिक विकास र रूपान्तरणको दिशामा छ भनेर आशा छर्ने बुद्धिजीवी, नेता, संघ-संस्था र कलाकर्मीको चर्को अभाव नेपाली समाजले कुरिहेको छ ।

*(साभार: अनलाइनखबर)*

# मन्त्री थपलियाद्वारा वित्त परिषद्लाई सुझाव

साझाकुरा संवाददाता

हेटौंडा, १६ वैशाख/ बागमती प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री जगन्नाथ थपलियाले अन्तर सरकारी वित्त परिषद्को बैठकमा मन्त्रालयको तर्फबाट रायसुझाव दिएका छन् ।



मन्त्री थपलियाले गत आर्थिक वर्षमा संघीय सरकारबाट प्रदेशलाई हस्तान्तरित केही आयोजना बीचैमा फिर्ता लिइएको कारण प्रदेश सरकारको बजेटमा समस्या आएको बताउँदै यसबाट प्रदेशसभाले स्वीकृत गरेका कार्यक्रम कार्यान्वयन हुन नसकेको जानकारी गराए । यस्तो अवस्था भविष्यमा नदोहोरिने सुनिश्चितता गर्नुपर्नेमा उनले जोड दिएका छन् । संघीय सरकारले प्रदेश र स्थानीय तहलाई वित्तीय समानीकरण अनुदान बढाउनुपर्ने, स-साना कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन गर्न सशर्त अनुदानमा प्रदेशको भूमिका बढाउनुपर्ने बताए ।

नेपाल सरकारले प्रदेश र स्थानीय तहलाई आर्थिक वर्षको सुरुमा नै सशर्त अनुदान उपलब्ध गराउनुपर्ने र बीचमा सशर्त अनुदान उपलब्ध गराउँदा प्रदेशसभामा प्रवेश नहुने र कार्यान्वयनमा कानूनी समस्या आउने भएकाले सुरुमै उपलब्ध गराउन सुझाव दिए । प्रदेश सरकारको एकल अधिकारअन्तर्गत कृषिआयमा लगाइने करलाई कृषि व्यवसायमा समेत लगाउन सक्ने व्यवस्था गर्नुपर्ने, सवारीसाधन करमा प्रदेशबीच एकरुपता कायम गर्नुपर्ने र एउटा प्रदेशमा दर्ता भएको सवारीसाधन कर अर्को प्रदेशमा जम्मा गर्न सक्ने प्रबन्ध मिलाउनुपर्ने मन्त्री थपालियाले बताए ।

दहत्तर बहत्तर शुल्क बाँडफाँडको विषयमा मापदण्डको व्यवस्था ऐनसँग बाझिएकोले ऐनबाट सम्बोधन गनुपर्ने देखिएको मन्त्री थपलियाको भनाई छ । यसैगरी, सवारीसाधन कर प्रदेश सरकारको क्षेत्राधिकारअन्तर्गत भएकाले ट्राफिक प्रहरीबाट संकलित दण्ड जरिवानाको रकम प्रदेश संचितकोषमा जम्मा गर्नुपर्ने व्यवस्था गर्नुपर्ने, सहकारी संस्थाले आफ्नो भवन निर्माणका लागि उपलब्ध छुट सुविधालाई कृषि, उत्पादनमूलक तथा लक्षित समुदायबाट सञ्चालित सहकारीलाई मात्र दिने गरी सहकारी ऐनमा संशोधन गर्नुपर्ने उनले बताए ।

सामुदायिक वनभित्रको पर्यापर्यटनबाट प्राप्त आम्दानीको निश्चित रकम प्रदेश सरकारले प्राप्त गर्नुपर्ने, व्यावसायिक कबुलियत बनको दस्तुर, वनक्षेत्रको जग्गा अन्य प्रयोजनका लागि उपलब्ध गराउँदा प्राप्त दस्तुर र वन विकास कोषमा प्राप्त रकम सोझै प्रदेश सरकारलाई हस्तान्तरण गर्नुपर्ने व्यवस्था गर्नुपर्ने, सामुदायिक वनको वनपैदावार बाह्य बिक्री वितरणमा १०५ राजस्व प्रदेश सरकारमा जम्मा हुने व्यवसर गर्नुपर्ने आवश्यकता रहेको मन्त्री थपलियाले जानकारी दिएका छन् ।

# शिविरबाट साढे ४ सयले लिए स्वास्थ्य सेवा

साझाकुरा संवाददाता

हेटौंडा, १६ वैशाख/ मनहरी गाउँपालिका-६ मा वडा कार्यालयको आयोजनामा भएको निशुल्क स्वास्थ्य शिविरबाट स्थानीय ४ सय ५२ जनाले सेवा लिएका छन् ।



शिविरमा चितवन मोडल अस्पताल प्रालि दुरसञ्चार रोड भरतपुरको प्राविधिक सहयोगमा भएको हो । शनिबार भएको शिविरमा इसजी, मधुमेह, पिसाब जाँच, गर्भवती परीक्षण तथा नि:शुल्क औषधि वितरण गरिएको थियो । शिविरमा १ सय ८९ जनाले इसिजी, ३ सय २ जनाले मधुमेह परीक्षण, ३१ जनाले पिसाव जाँच, १४ जनाले गर्भवती परीक्षण गराएका थिए ।

वडाभित्रका मानिसको स्वास्थ्यलाई मध्यनजर गर्दै शिविरको आयोजना गरिएको वडाअध्यक्ष युवराज थपलियाले बताए ।

आफ्नो वडाभित्र आर्थिकस्थिति कमजोर भएर स्वास्थ्य संस्थासम्म पुगी स्वास्थ्य परीक्षण गराउन नसक्ने, टाढा जान नसक्ने, स्वास्थ्य संस्थामा गएर परीक्षण गर्न लजाउने, रोग लुकाएर राख्ने जस्ता समस्याले स्थानीयमा रोग बढिरहेकोले यसका न्यूनीकरणका लागि शिविरको आयोजना गरिएको उनले बताए ।

स्वास्थ्य शिविरमा वडाअध्यक्ष थपलिया, नेपाली कांग्रेस मनहरी गाउँसमिति सभापति प्रकाश बर्तौला, वडा सदस्यहरु र डाक्टर तथा विशेषज्ञ टोलीको सहभागिता रहेको थियो । नि:शुल्क स्वास्थ्य शिविर नेपाली कांग्रेस मनहरी गाउँ कमिटीका सभापति बर्तौलाको समन्वयमा भएको हो ।

# युवा संघ मकवानपुर-गढीको प्रशिक्षण



साझाकुरा संवाददाता

हेटौंडा, १६ वैशाख/ राष्ट्रिय युवा संघ नेपाल मकवानपुर गढी गाउँपालिका कमिटीको प्रशिक्षण भएको छ । नेकपा एमाले जिल्ला सचिवालय सदस्य मदन दाहालले पार्टीको अभियान मिशन-८४ र समसामायिक राजनीतिक विषयमा प्रशिक्षण दिएका थिए ।

राष्ट्रिय युवा संघ नेपालका लेखा आयोगप्रमुख सन्तोष चौलागाईले युवालाई जबज र समाजवादको विषयमा प्रशिक्षण दिएका थिए भने मकवानपुर जिल्ला कमिटी सदस्य तथा जनसंगठन समन्वय संयन्त्र उपप्रमुख आरती पाठकले जनसंगठन र पार्टीबीचको अन्तरसम्बन्धको विषयमा प्रशिक्षण दिएकी थिइन् । युवा संघ नेपाल मकवानपुरका जिल्ला संयोजक राजेश नगरकोटीले राष्ट्रिय युवा संघ नेपालको इतिहास र कार्यदिशाको विषयमा प्रशिक्षण दिएका थिए ।

युवा संघ मकवानपुर गढीका अध्यक्ष विष्णुप्रसाद सिलवालको सभाध्यक्षतामा भएको कार्यक्रममा राष्ट्रिय युवा संघ नेपालका लेखा आयोगप्रमुख चौलागाईको प्रमुख आतिथ्यता रहेको थियो । यस्तै, एमाले मकवानपुरगढीका सचिव नानिराम तिमल्सिना, नेपाल राष्ट्रिय उद्योग व्यवसाय महासंघका सदस्य कृष्ण ढुंगानालगायतको आतिथ्यता रहेको थियो ।

# सिस्नुपानी नेपाल मकवानपुरले २ जनालाई सम्मान गर्ने

साझाकुरा संवाददाता

हेटौंडा, १६ वैशाख/ सिस्नुपानी नेपाल मकवानपुरले २ जना स्रष्टालाई सम्मान गर्ने भएको छ । सिस्नुपानी नेपालको स्थापना दिवसको अवसरमा १९ बैशाखमा विविध कार्यक्रमसहित स्रष्टा सम्मान गर्ने भएको हो ।

सिस्नुपानी नेपाल मकवानपुरले डा.गणेशकुमार पौडेल स्मृति हास्यव्यङ्ग्य सम्मान २०८० बाट दाङका उत्तमकृष्ण मजगैयालाई सम्मान गर्ने सिस्नुपानी नेपाल मकवानपुरका अध्यक्ष राजकुमार लामिछाने जानकारी दिए । यसैगरी आरसी रिजाल हास्यव्यङ्ग्य सम्मान २०८० बाट मोरङका अनिल पौडेललाई सम्मान गरिने उनले जानकारी दिए । स्थापना दिवसकोअवसरमा हास्यव्यङ्ग्य र चनावाचन कार्यक्रम समेत गरिने बताइएको छ ।

# नेकपा एस मकवानपुरको अध्यक्षमा पुन: दाहाल

साझाकुरा संवाददाता

हेटौंडा, १६ वैशाख/ नेकपा (एकीकृत समाजवादी) मकवानपुरको अध्यक्षमा विष्णु दाहाल चयन भएका छन् । जिल्ला अधिवेशनले दाहालको अध्यक्षतामा ५८ सदस्यीय जिल्ला कमिटी सर्वसम्मत चयन गरेको हो ।

कमिटीको उपाध्यक्षमा कल्पना विक, सचिवमा ध्रुव भुजेल तथा उपसचिवमा टंक मुक्तान, कविन पन्त र बेगम बराल चयन भएका छन् । तीनवर्षे कार्यकालका लागि चयन गरिएको दाहाल नेतृत्वको कमिटीमा एक-एक उपाध्यक्ष र एक सदस्यपछि मनोनयन गरिने बताइएको छ ।

यसअघि तत्कालीन जिल्ला अध्यक्ष श्रीधर पोखरेलले पार्टी परित्याग गरी एमालेमै फर्किएपछि तत्कालीन सचिव रहेका दाहाललाई अध्यक्षको जिम्मेवारी दिइएको थियो । अधिवेशनको उद्घाटन एकीकृत समाजवादीका अध्यक्ष एवम् पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले गरेका थिए ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# पालुङ्ग बहुउद्देश्यीय सहकारी संस्था लि.

## PALUNG MULTIPURPOSE CO-OPERATIVE SOCIETY LTD


पालुङ, मकवानपुर । Palung, Makawanpur

## तपशिलका ऋणीलाई कर्जा भुक्तानी गर्ने ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति: २०८१/०१/१७

यस सहकारी संस्थाबाट तपशिलका ऋणीहरुलाई तपशिलमा उल्लेख भए बमोजिमको कर्जा सम्झौताको शर्त तथा तालिकाअनुसार बुझाउनु पर्ने सावा ब्याज रकम संस्थाले बारम्बार मौखिक, लिखित तथा अन्य स्रोत साधनहरुबाट अनुरोध गरी पटक पटक म्याद दिंदा समेत रकम भुक्तानी गर्न नआएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस दिन) भित्र सम्पूर्ण ऋण रकम (सावाँ, ब्याज र हर्जाना आदि समेत ) चुक्ता भुक्तानी गर्न आउनु हुन यो सूचना प्रकाशित गरिएको छ । अन्यथा कर्जा सम्वन्धि सम्झौताका शर्त, लिखत तथा प्रचलित नेपाल कानूनबमोजिम कर्जा असूल्ने क्रममा तपाईले धितो बन्धक स्वरुप यस संस्थामा सुरक्षण राखिदिएको तपसिलबमोजिमको सम्पत्ति बेच विखन गरी कर्जा रकमअसूलउपर गरी लिइनेछ । सोबाट समेत असुलउपर हुनु पर्ने सम्पूर्ण रकम असुलउपर हुननसकेमाप्रचलितकानूनअनुसार तपाई ऋणीको अन्यचलअचल सम्पत्ति, जायजेथा समेतबाट संस्थाले आफ्नो लेना रकम असुलउपर गरि लिनेछ । उपरोक्त कारवाहीको सिलसिलामा लाग्ने सम्पूर्ण खर्च समेत तपाई ऋणीबाट नै भराई लिईनेछ । तपाई ऋणीबाट सम्पूर्ण रकम असुलउपर नभएको खण्डमा ऋणीको कर्जा रकमको सुरक्षण वापत जमानी बसीदिने व्यक्तिले व्यहोर्नु पर्ने हुनाले यसै सूचनालाई आधार मानी बाँकी ऋण रकम भुक्तानी गर्न आउनु होला । अन्यथा सोहीअनुसार भै जाने व्यहोरा समेत सबै पक्षलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

तपशिल

| क.सं | ऋणीको तिनपुस्ते विवरण | फोटो | धितोको विवरण |
|---|---|---|---|
| १ | **नाम** : सोम बहादुर पोडे<br>बाबुको नाम : लहरे पोड<br>बाजेकोको नाम : धनलाल<br>ना.प्र.प.नं.: १५५<br>जारी मिति : २०४६।०२।१५<br>ठेगाना : पालुङ-३, मकवानपुर<br>**व्यक्तिगत मञ्जुरी दिने**<br>**नाम** : बबिता पोडे<br>बाबुको नाम : दानबहादुर कार्की<br>पतिको नाम : सोम बहादुर पोडे<br>ना.प्र.प.नं. : २६८०५<br>जारी मिति : २०५०/०९/०७<br>ठेगाना : पालुङ-३, मकवानपुर |   | सोम बहादुर पोडेको नाउँमा मालपोत कार्यालय शिखरकोटमा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला शिखरकोट गा.वि.स. वार्ड नं २ स्थित कि.नं. १२/१८/१४ को क्षेत्रफल ०-१२-०-०/३-३-०-३/१-०-०-१ को जग्गा । |
| २ | **नाम** : राजेश कुमार के.सी<br>बाबुको नाम : अर्जुन बहादुर के.सी<br>बाजेको नाम : धिर बहादुर के.सी<br>ना.प्र.नं.: २६९३१<br>जारी मिति : २०५०/०९/१९<br>ठेगाना : दामन-४, मकवानपुर<br>**व्यक्तिगत मञ्जुरी दिने**<br>नाम : अर्जुन बहादुर के.सी<br>बाबुको नाम : धिर बहादुर के.सी<br>बाजेको नाम : कुलबहादुर के.सी<br>ना.प्र.नं. : ३१४<br>जारी मिति : २०४४/११/०६<br>ठेगाना : दामन-४, मकवानपुर |   | अर्जुन बहादुर के.सी को नाउँमा मालपोत कार्यालय शिखरकोटमा दर्ता लगतममा श्रेष्ता कायम रहेको मकवानपुर जिल्ला शिखरकोट गा.वि.स. वार्ड नं. ३ स्थित कि.नं. १०८८ को क्षेत्रफल २-८-०-० को जग्गा । |
| ३ | **नाम** : बच्चुराम के.सी<br>बाबुको नाम : मानबहादुर<br>बाजेको नाम : भीमबहादुर<br>ना.प्र.नं. : २७२४५<br>जारी मिति : २०६२/०९/१९<br>ठेगाना : दामन-६, मकवानपुर |  | बच्चुराम के.सी. को नाउँमा मालपोत कार्यालय शिखरकोटमा दर्ता लगतमा श्रेष्ता कायम रहेको मकवानपुर जिल्ला शिखरकोट गा.वि.स. वार्ड नं ३ स्थित कि.नं. ९३४ को क्षेत्रफल ०-८-३-० को जग्गा, शिखरकोट गा.वि.स.वार्ड नं ८ स्थित कि.नं.३८०,३८३ को क्षेत्रफल ०-७-३-०, ०-१४-१-० को जग्गा । |
| ४ | **नाम** : ज्योती ज्ञान अमात्य<br>बाबुको नाम : कृष्णमान अमात्य<br>बाजेको नाम: नर बहादुर अमात्य<br>ना.प्र.नं. : ६१/४०७२६<br>जारी मिति : २०६३/०८/२१<br>ठेगाना : पालुङ-१, मकवानपुर |  | यातायात व्यवस्था कार्यालय नारायणी मा दर्ता कायम रहेको ना ६ त ६१७ नम्बरको इन्जिन नं. PY3029D407677, च्याचिस नं. 1PY5310EHGA015102 को ट्याक्टर । |
| ५ | **नाम** : प्रेम बहादुर कार्की<br>बाबुको नाम : जनककार्की<br>बाजेको नाम : जय बहादुर कार्की<br>ना.पं.नं.: ३१३०३५/६००<br>जारी मिति : २०६३/१०/२२<br>ठेगाना : पालुङ ४ मकवानपुर<br>**व्यक्तिगत मञ्जुरी दिनेको**<br>**नाम** : कमला कार्की<br>ससुराको नाम : जयबहादुर कार्की<br>पतिको नाम : जनक कार्की<br>ना.प्र.नं. : ९७<br>जारी मिति : २०४६/१०/१४<br>ठेगाना : पालुङ-४, मकवानपुर |   | कमला कार्कीको नाउँमा मालपोत कार्यालय शिखरकोटमा दर्ता लगतमा श्रेष्ता कायम रहेको मकवानपुर जिल्ला पालुङ-४ स्थित कि.नं. २१९ को क्षेत्रफल ४-१-३-० को जग्गा । |
| ६ | **नाम** : शंकर कार्की<br>बाबुको नाम : बुद्धिमान कार्की<br>बाजेको नाम : लालबहादुर कार्की<br>ना.प्र.नं. : ४६४<br>जारी मिति : २०४३/०९/१९<br>ठेगाना : पालुङ-८, मकवानपुर |  | शंकर कार्कीको नाउँमा मालपोत कार्यालय शिखरकोटमा दर्ता लगतमा श्रेष्ता कायम रहेको मकवानपुर जिल्ला पालुङ-८ स्थित कि.नं. १६०, २३९, ५९६, ५९९, ६००, ६०३ को क्षेत्रफल क्रमश: ०-७-२-०, ०-३-२-३, १-१०-३-३, १-९-३-१, १-०-३-०, ३-१-०-० को जग्गा ।<br>र यातायात व्यवस्था कार्यालय वागमतीमा दर्ता कायम रहेको बा.३ ख २२९९ को इन्जिन नं. 21L63302754 र च्याचिस नं. MAT412052C2N26452 को भाडा बस । |
| ७ | नाम : ठुलीकान्छी स्याङ्तान<br>बाबुको नाम : रोढे तामाङ<br>ससुराको नाम: जितबहादुर घलान<br>छोराको नाम : युरिन घलान<br>श्रीमानको नाम : रिषी घलान<br>ना.प्र.प.नं. १३४५<br>जारी मिति: २०४३।०८।२६<br>ठेगाना: बज्रबाराही-४, ओखरगांउ, मकवानपुर<br>**जग्गा मञ्जुरी दिने**<br>नाम : रिषी घलान<br>बाबुको नाम : जितबहादुर घलान<br>बाजेकोको नाम : काजीमान घलान<br>ना.प्र.प.नं. : ११७३<br>जारी मिति : २०४३।०८।२६<br>ठेगाना : बज्रबाराही-४ ओखरगाउँ, मकवानपुर |  | रिषी घलानको नाउँमा मालपोत कार्यालय मकवानपुरमा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला टिष्टुङ गा.वि.स वार्ड नं ६ स्थित कि.नं. ५७१ को क्षेत्रफल ०-१४-१-१, टिष्टुङ गा.वि.स वार्ड नं ६ स्थित कि.नं. १३०५ को क्षेत्रफल ६-०-०-०, टिष्टुङ गा.वि.स वार्ड नं.-६ स्थित कि.नं. १३०७ को क्षेत्रफल ०-४-३-१, टिष्टुङ गा.वि.स वार्ड नं-६ स्थित कि.नं. ६४० को क्षेत्रफल २-६-०-३ को जग्गा । |
| ८ | **नाम** : दिलिप सापकोटा<br>बाजेको नाम : जितखर सापकोटा<br>बाबुको नाम: धर्मदत्त सापकोटा<br>ना.प्र.प.नं. : २१।००१<br>जारी मिति : २०५२।०९।११<br>ठेगाना : हेटौंडा-६, मकवानपुर<br>**व्यक्तिगत मञ्जुरी दिने:**<br>**नाम** : दिपेश सापकोटा<br>बाबुको नाम : दिलिप सापकोटा<br>बाजेकोको नाम : धर्मदत्त सापकोटा<br>ना.प्र.प.नं.३१-०१-७५-०६१८१<br>जारी मिति : २०७५/०६/२४<br>ठेगाना : हेटौंडा-६, मकवानपुर |  | दिलिप सापकोटाको नाउँमा मालपोत कार्यालय हेटौंडामा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला हेटौंडा न.पा. वार्ड नं ६ स्थित कि.नं. १२७५२/१२७४९/१२७५५ को क्षेत्रफल ०-०-२.५-०/०-०-९-०/०-०-१.७५-० (बिघा)को जग्गा । |
| ९ | **नाम** : चिनिमाया लोप्चन<br>पतिको नाम : तुलबहादुर लोप्चन<br>बाबुको नाम : अम्मर बहादुर बल<br>ना.प्र.प.नं. : २२५<br>जारी मिति : २०४३।११।०३<br>ठेगाना : पदमपोखरी-४, मकवानपुर<br>**व्यक्तिगत मञ्जुरी दिने:**<br>**नाम** : इन्दिरा लामा<br>पतिको नाम : राजेन्द्र लामा<br>बाबुको नाम : तुलबहादुर लोप्चन<br>ना.प्र.प.नं. : १०।१११०<br>जारी मिति : २०५७।०१।१३<br>ठेगाना : हेटौंडा-४, मकवानपुर |   | चिनिमाया लोप्चनको नाउँमा मालपोत कार्यालय हेटौंडामा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुरजिल्ला पदमपोखरी गा.वि.स वार्ड नं. ४ स्थित कि.नं. १६६८ को क्षेत्रफल ०-५-०-० (बिघा)को जग्गा । |
| १० | **नाम** : ओमप्रकाश साह कानु<br>बजेको नाम : मोहर साह कानु<br>बाबुको नाम : फुलेना साह कानु<br>ना.प्र.प.नं. ३३२०५५।६६९ बारा<br>जारी मिति :२०६३।१२।०९<br>ठेगाना : हेटौंडा १०, मकवानपुर<br>**व्यक्तिगत मञ्जुरी दिने:**<br>**नाम** : शशिदेवी कानु<br>पतिको नाम : ओम प्रकाश साह कानु<br>बाबुको नाम : विन्देश्वरी प्रसाद कानु<br>ना.प्र.प.नं.: ३३१०५५।५७२<br>जारी मिति : २०६४।११।२८<br>ठेगाना : हेटौंडा-१०, मकवानपुर |   | शशिदेवी कानुको नाउँमा मालपोत कार्यालय हेटौंडामा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला बसामाडी गा.वि.स वार्ड नं ६ स्थित कि.नं. ८२६/८२७/६६० को क्षेत्रफल ०-१२-०-०/०-१२-०-०/०-३-०-० (रोपनी)<br>मकवानपुर जिल्ला हाडीखोला गा.वि.स वार्ड नं ३ स्थित कि.नं.१७२३ र १७२२ को ०-०-१-०/०-०-१-० (विघा)<br>मकवानपुर जिल्ला पदमपोखरी गा.वि.स वार्ड नं ६ स्थित कि.नं.८२६ को ०-३-९.५-० (विघा) |

सम्पर्क:

**पालुङ्ग बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड को**
**प्रधान कार्यालय, थाहानगरपालिका वडा नं ४, थानाबजार, मकवानपुर**
**फोन नं: ०५७-४०००५, ०५७-४०००६, ५२३९४६**

# 'पुन: गुल्जार हुने प्रतिक्षामा ऐतिहासिक भीमफेदी



प्रतिक्षा न्यौपाने

हेटौंडा, १६ वैशाख/ मकवानपुरको वर्तमान सदरमुकाम हेटौंडाबाट २३ किलोमिटर उत्तर पट्टी एउटा सुन्दर र सानो बजार छ 'भीमफेदी' । मध्यकालीन नेपालको इतिहासमा निक्कै चर्चित भीमफेदी कुनैबेला तराईक्षेत्रबाट काठमाडौं प्रवेश गर्ने एकमात्र नाका थियो ।

४० वर्षअघिसम्म पनि भीमफेदी व्यस्त र चहलपहल भएको ठूलो व्यापारिक केन्द्रको रुपमा रहेको थियो । २०३९ सालमा तत्कालीन जिल्ला पञ्चायत सभापति ओमुटेम्पा लामाले मकवानपुरको सदरमुकाम भीमफेदीबाट सारेर हेटौंडामा पुऱ्याएपछि भने चहलपहलयुक्त भीमफेदी एकाएक उजाड बन्दै गयो । यहाँका अधिकांश कार्यालय हेटौंडा सरेपछि व्यापार व्यावसाय समेत हटौंडातिरै सर्न पुग्यो ।

तामाङजातिको बाहुल्य रहेको मकवानपुरको देउराली, कोगटे तथा सुपिङको बीचमा रहेको भीमफेदी बजार भने नेवार बाहुल्य बजार थियो । नेवारहरु भएकै कारण विभिन्न जात्रा, महोत्सव, झाँकी, नाचलगायत विभिन्न सांस्कृतिक कार्यक्रमहरु एवम् पर्व विशेषका जात्रा र कार्यक्रमले गर्दा सांस्कृतिकरुपमा पनि समृद्ध थियो भीमफेदी ।

ऐतिहासिक चिसापानीगढी, राजा महाराजा एवम् राणाहरुले निर्माण गरेका भौतिक संरचना, विभिन्न कालखण्डमा राजा, राणा प्रधानमन्त्रीहरु, वेलायती महारानी एलिजावेत द्वितीयलगायत विदेशी पाहुनाले हात्तीसवार गर्दा वा शिकारका क्रममा प्रयोग गरेका सामग्री तथा हौदा (हात्ती माथि चढ्दा प्रयोग गरिने वस्तु) सहितको हात्तीसार सङ्ग्रालय, वि.सं. १९६४ सालमा निर्मित अनौठो र आकर्षक पृथ्वीचन्द्र अस्पताल भवन यहाँको बिशेषता हो ।

राणा प्रधानमन्त्री जुद्ध समशेरले निर्माण गराएको विशाल धर्मशाला (हाल भत्काइएको र महेन्द्र माविको आधुनिक भवन बनाइएको), पौराणिक कालिगढी नमूना झल्कने भीमसेन महाराजको मूर्ति भएको भीमसेन मन्दिर, ढुङ्गेधारा सहितको आकर्षक पोखरी र मनोरम बगैंचा जस्ता थुप्रै ऐतिहासिक संरचनाले झकिझकाउ भीमफेदी, सदरमुकाम सरेपछि निरस र उजाड मात्र बनेन यहाँका सांस्कृतिक परम्परा भीमसेनजात्रा र अन्य केही सानातिना जात्रा बाहेक लगभग सम्पूर्ण मासिन पुग्यो ।

चहलपहल कम भएपछि धेरै स्थानीय काठमाडौं र हेटौंडातिर बसाइँ सरे । भीमफेदीको चिसापानीगढी देशकै सबैभन्दा चल्तीको नाका थियो । हाल ललितपुरको भुसेल, माल्टा, आस्राङ, साहुमारादेखि धादिङ र काभ्रेको केही भाग समेत र पुरै चितवन र मकवानपुर मिलेर बनेको चिसापानीगढी केन्द्र थियो । बडाहाकिमको कार्यालय यही गढीमा भएको इतिहास पाईन्छ ।

२०१३-१६ सालतिर त्रिभुवन राजपथ सञ्चालन हुनु अघिसम्म दक्षिणी भागलाई काठमाडौंसँग जोड्ने एकमात्र नाकाको रुपमा थियो भीमफेदी । नेपाल-अंग्रेज युद्धताका मजबुद किल्ला भएकै कारण चिसापानीमा हारखाएको अग्रेज फौजले काठमाडौं प्रवेश गर्न सीमभञ्याङतर्फको बाटो रोज्नु परेको इतिहासका खोजकर्ता केदार न्यौपाने बताउँछन् । लेखक तथा राजनीतिकर्मी मेम्बर लोका अनुसार हालको सदर मुकाम हेटौंडा आवाद हुनुभन्दा धेरै अगाडि भीमफेदी बजार सहरको रुपमा स्थापित भइसकेको थियो ।

जहाँबाट काठमाडौं उपत्यकालाई आवश्यक पर्ने हरेक उपभोग्य वस्तु आयात गरिन्थ्यो । यहाँसम्म कि श्री ३ राणाहरुले उपत्यकामा भित्र्याउने सवारी साधन, मोटर गाडीसमेत भीमफेदीबाट बोकेर उपत्यका पुऱ्याइन्थ्यो । ती गाडी बोक्नेदेखि अन्य उपभोग्य सामग्री उपत्यका पुऱ्याउने काममा स्थानीय तामाङ मजदुरलाई प्रयोग गर्ने चलन रहेको उनको भनाई छ ।

लोका अनुसार राणाकालमा राजधानीमा निमार्ण हुने विभिन्न यूरोपियन शैलीका दरबारमा प्रयोग हुने उन्नत जातका काठ आपूर्ति गर्न मकवानपुरका घना जंगलमा रुख काट्ने काममा भीमफेदीका स्थानीय तामाङ मजदुरलाई लगाइन्थ्यो । सदरमुकाम सरेपछि निरस झैं बनेको भीमफेदी अहिले विभिन्न हिसाबले चर्चामा आउन थालेको छ । कृषि उत्पादन्, पर्यटन, कला आदिमा फड्को मार्दै गरेको भीमफेदीले अबभने पुनर्जीवन पाउन थालेको आभास हुन्छ ।

स्थानीय तहको निर्वाचन पछि विगतमा बसाईसरेर गएकाहरुको पुनरागमन हुन थालेको, यहीको मार्ग हुँदै दैनिक हजारौं सानागाडीहरु काठमाडौं-हेटौंडा गर्न थालेकाले होटल व्यवसयले राम्रो व्यापार गर्न थालेको बताउँछन् स्थानीय युवा तथा नयाँपाइला नेपालका अध्यक्ष विश्व सुनार । साविक भीमफेदी गाविसका पूर्वउपाध्यक्ष तथा भीमफेदी गाउँपालिका-५ का पूर्ववडाअध्यक्ष जाहरसिंह लामाका अनुसार हिजोको भीमफेदी अर्कै थियो आज अर्कै भएको छ । लामा भीमफेदीले अब चाँडै नै फड्को मार्ने बताउँछन् । ऐतिहासिक पर्यटकीय स्थलको प्रवर्द्धन र प्रचार प्रसार गर्नसके भीमफेदीले फाइदा लिन सक्ने उनको भनाई छ । हाल सानो लागे पनि ऐतिहासिकताका हिसाबमा भीफफेदी विशाल रहेकोले हरेक नेपालीले भीमफेदीको बारेमा जानकारी लिनुपर्ने गाउँपालिकाकी पूर्वउपाध्यक्ष पावर्ती राना बताउँछिन् ।

भर्भराउँदा पनि र निभ्दा पनि ज्योति दिने भीमफेदी कला र संस्कृतिले भरीपूर्ण रहेको र विस्तारै विकसित बन्दै गएको उनको भनाई छ । भीमफेदी गाउँपालिका अध्यक्ष हिदम लामा गाउँपालिकाले ऐतिहासिक भीमफेदी बजारको ऐतिहासिकता, धार्मिक तथा पर्यटकीय महत्वको प्रवर्द्धन हुनेगरी बिशेष योजना ल्याउन लागेको बताउँछन् ।

भीमफेदीका कतिपय सम्पदाहरु केन्द्र सरकारको मातहत रहेको र कतिपय पुरातत्व विभागको क्षेत्राधिकारमा रहेकाले आवश्यक समन्वय गरेरमात्र काम गर्नुपर्ने वाध्यता रहेको छ । कुनैपनि सर्तमा यहाँको एतिहासिकता र महत्वपूर्ण निधिको प्रचारप्रसार गरेर भीमफेदीको समृद्धिका लागि काम गरिने अध्यक्ष लामाको भनाई छ ।

# मोटरसाइकल दुर्घटनामा बस्नेत घाइते

साझाकुरा संवाददाता

हेटौंडा, १६ वैशाख/ हेटौंडा उपमहानगरपालिका-९ सिमेन्ट उद्योग नजिकै मोटरसाइकल दुर्घटना हुँदा एकजना घाइते भएका छन् । घाइते हुनेमा मोटरसाइकलको पछाडि सवार हेटौंडा-८ कमाने बस्ने वर्ष ५३ को समुन्द्र बस्नेत रहेका छन् ।

पशुपतिनगरतर्फ आउँदै गरेको ना २८ प ५५६६ नम्बरको मोटरसाइकल अनियन्त्रित भएर दुर्घटना हुँदा बस्नेत घाइते भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ । भारत मोतिहारी जिल्ला घरभई हाल हेटौंडा-८ कमानेमा डेरा गरी बस्ने वर्ष २८ को अमर साहले चलाएको मोटरसाइकल आफैं अनियन्त्रित भएर दुर्घटना भएको हो ।

दुर्घटनमा सामान्य घाइते भएका बस्नेत हेटौंडा अस्पतालमा उपचार गरेपछि डिस्चार्ज गरिएको थियो । शनिबार घाइतेको पिसाबमा रतग देखिएपछि पुरानो मेडिकल कलेज भरतपुर चितवनमा रिफर गरिएको प्रहरीले जनाएको छ । मोटरसाइकल चालक भने फरार रहेका छन् । उनको खोजी कार्य भइरहेको प्रहरीले जनाएको छ ।

# पालुङ्ग बहुउद्देश्यीय सहकारी सस्था लि.

## PALUNG MULTIPURPOSE CO-OPERATIVE SOCIETY LTD

पालुङ, मकवानपुर ।

Palung, Makawanpur

## धितो सुरक्षणमा रहेको सम्पत्तिहरु लिलाम बिक्रीसम्बन्धी १५ दिने सूचना

*प्रकाशित मिति: २०८१/०१/१७*

यस सहकारीबाट ऋण/कर्जा लिनुहुने तपसिलको ऋणीले लिएको ऋण कर्जाको साँवा, व्याज र अन्य दस्तुर संस्थासँगको शर्त कबुलियत बमोजिम समय समयमा संस्थालाई तिर्न बुझाउन लिखित एवं मौखिक तर ताकेता गर्नुको साथै राष्ट्रिय दैनिक पत्रपत्रिकामार्फत ऋण/कर्जा चुक्ता गर्ने बारे ३५ दिने सार्वजनीक सूचना प्रकाशित गर्दा समेत सो को बेवास्ता गरी संस्थालाई तिर्न बुझाउन पर्ने रकम बुझाउन नआएकोले कर्जा लिंदाको बखत सुरक्षणमा लेखि दिएको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्था र परिमाणमा रहेको छ, सोहीअवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्रद्धारा लिलाम बिक्री गरिने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

संस्थाको कर्जा सुरक्षण स्वरुप रहेको तपसिलमा उल्लेखित चलअचल सम्पत्ति (जग्गा) लिन इच्छुक महानुभावहरुवाट यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र यस संस्थाको प्रधान कार्यालय थाहानगरपालिका वार्ड नं. ४ मकवानपुरमा आई पुग्ने गरि गोप्य सिलबन्धि बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ । तोकिएको समयभित्र संस्था समक्ष प्राप्त बोलपत्रहरु मिति २०८१।०१।३१ गते, दिनको ठिक ४:०० बजे संस्थाको प्रधान कार्यालय थाहानगरपालिका वार्ड नं. ४ मकवानपुरमा खोलिनेछ । उक्त दिन समयमा उपस्थित हुनुहुन बोलपत्रवालाहरु साथै कर्जा सुरक्षण बापत संस्थाको नाममा जग्गा रोक्का गरिदिनु हुने धितो धनी तथा ऋणसँग सम्बन्धित सम्पूर्ण पक्षहरुलाई समेत यसै सूचनाद्वारा जानकारी गराउँदछौ । बोलपत्र फारम संस्थाको प्रधान कार्यालयबाट रु ५०० (फिर्ता नहुनेगरि) तिरी खरिद गर्न सकिनेछ । बोलपत्रका साथ लिलाम सकार्न कवुल गरेको कुल अंकको १० प्रतिशत धरौटीबापत जम्मा गर्नु पर्ने छ । बोलपत्रको सम्पूर्ण शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ । लिलाम विक्री हुन लागेको सम्पत्तिको विस्तृत विवरण बुझ्न चाहेमा यस संस्थाको प्रधान कार्यालय थानावजार मकवानपुरमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ ।

**तपशिल**

| क्र.सं | ऋणीको तिनपुस्ते विवरण | फोटो | धितोको विवरण |
|---|---|---|---|
| १ | **नाम** : बिनोद ढकाल<br>बाबुको नाम : सिताराम ढकाल<br>बाजेको नाम : होमनाथ ढकाल<br>ना.प्र.प.नं. : ३९/१८८<br>जारी मिति : २०५२/१०/२१<br>ठेगाना : पालुङ ५, मकवानपुर<br>**व्यक्तिगत मञ्जुरी दिने**<br>**नाम** : प्रमिला ढकाल<br>पतिको नाम : बिनोद ढकाल<br>बाबुको नाम : महेश्वर अधिकारी<br>ना.प्र.प.नं. :<br>जारी मिति :<br>ठेगाना : पालुङ-५, मकवानपुर<br>**नाम** : आयुष ढकाल<br>बाबुको नाम : बिनोद ढकाल<br>बाजेको नाम : सिताराम ढकाल<br>ना.प्र.प.नं. : ३१-०१-७४-०२८५२<br>जारी मिति : २०७४/०३/२१<br>ठेगाना : पालुङ-५, मकवानपुर<br>**नाम** : अमन ढकाल<br>बाबुको नाम : बिनोद ढकाल<br>बाजेको नाम : सिताराम ढकाल<br>ना.प्र.प.नं. : ३१-०१-७६-०१९६२<br>जारी मिति : २०७६/०२/१५<br>ठेगाना : पालुङ-५, मकवानपुर |     | बिनोद ढकालको नाउँमा मालपोत कार्यालय शिखरकोटमा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला पालुङ गा.वि.स वार्ड नं ६ स्थित कि.नं. २६ को क्षेत्रफल ५-१-२-२ को जग्गा । |
| २ | **नाम** : गिता सुनार<br>बाबुको नाम : दलबहादुर कामी<br>पतिको नाम : बिष्णु कामी<br>ना.प्र.प.नं.: ३१-०१-७२-०५५७३<br>जारी मिति : २०७२/०८/०६<br>ठेगाना : टिष्टुङ-३, मकवानपुर<br>**व्यक्तिगत मञ्जुरी दिने**<br>**नाम** : बिष्णु कामी<br>बाबुको नाम : न्याउरी कामी<br>बाजेको नाम : बल बहादुर कामी<br>ना.प्र.प.नं. : ४२०६<br>जारी मिति : २०६०/०१/२८<br>ठेगाना : टिष्टुङ-३, मकवानपुर |   | गिता सुनारको नाउँमा मालपोत कार्यालय शिखरकोटमा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला मैत्राङ गा.वि.स वार्ड नं ५ स्थित कि.नं. ११५५/११५२ को क्षेत्रफल १-९-०-०/ ०-९-०-० को जग्गा । |
| ३ | **नाम** : सुर्य बहादुर श्रेष्ठ<br>बाबुको नाम : कमल बहादुर श्रेष्ठ<br>बाजेकोको नाम : कृष्ण बहादुर श्रेष्ठ<br>ना.प्र.प.नं. : १७६२७<br>जारी मिति : २०४७।०७।२९<br>ठेगाना : बज्रबाराही-२, मकवानपुर |  | सुर्य बहादुर श्रेष्ठको नाउँमा मालपोत कार्यालय मकवानपुरमा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला टिष्टुङ गा.वि.स वार्ड नं २ स्थित कि.नं. १४२८ को क्षेत्रफल ०-१५-३-३, टिष्टुङ गा.वि.स वार्ड नं ८ स्थित कि.नं. १४८० को क्षेत्रफल ३-०-२-० को जग्गा । |
| ४ | **नाम** : मिनाकुमारी गोपाली<br>पतिको नाम : धर्मदास गोपाली<br>बाबुको नाम : रामबहादुर गोपाली<br>ना.प्र.प.नं. : ३१३०३५/९८६<br>जारी मिति : २०६३/११/११<br>ठेगाना : बज्रबाराही-६, मकवानपुर<br>**व्यक्तिगत मञ्जुरी दिने**<br>**नाम** : धर्मदास गोपाली<br>बाबुको नाम : लिलाबहादुर गोपाली<br>बाजेको नाम : रामदास<br>ना.प्र.प.नं. : ४४/७०७<br>जारी मिति : २०५४/०५/२६<br>ठेगाना : बज्रबाराही ६, मकवानपुर |   | धर्मदास गोपालीको नाउँमा मालपोत कार्यालय शिखरकोटमा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला टिष्टुङ गा.वि.स वार्ड नं ४ स्थित कि.नं. ७९१/४५९/८३३/१४३०/२३३५/१४३३/ ९८१/७९२/९८२/१४२६/१४२९/२३३२/ ७९३ को क्षेत्रफल ०-१-०-०/०-६-३-०/ ०-१५-०-०/१-७-३-०/३-०-०-०/ १-२-१-०/०-७-२-०/१-१-२-०/ ०-१२-०-०/१-३-१-०/०-११-३-०/ ०-७-०-२/१-४-२-० को जग्गा । |
| ५ | **नाम** : मदन बलामी<br>बाजेको नाम : बुद्धि बहादुर बलामी<br>बाबुको नाम : श्याम लालबहादुर बलामी<br>ना.प्र.प.नं. : १४१३<br>जारी मिति : २०४५।०१।२६<br>ठेगाना : बज्रबाराही-७, मकवानपुर<br>**व्यक्तिगत मञ्जुरी दिने:**<br>**नाम** : बिर बहादुर बलामी<br>बाबुको नाम : श्यामलाल बहादुर बलामी<br>बाजेकोको नाम : बुद्दि बहादुर बलामी<br>ना.प्र.प.नं. : १४१०<br>जारी मिति : २०४५/०१/२६<br>ठेगाना : बज्रबाराही-७, मकवानपुर<br>**नाम** : रबिन बलामी<br>बाबुको नाम : मदन बलामी<br>बाजेकोको नाम : श्यामलाल बहादुर बलामी<br>ना.प्र.प.नं. : ३१-१३-६९/००२५५<br>जारी मिति : २०६९/०८/२३<br>ठेगाना : बज्रबाराही-७, मकवानपुर<br>**नाम** : नबिन बलामी<br>बाबुको नाम : मदन बलामी<br>बाजेकोको नाम : श्यामलाल बहादुर बलामी<br>ना.प्र.प.नं. :<br>जारी मिति :<br>ठेगाना : बज्रबाराही-७, मकवानपुर |    | मदन बलामीको नाउँमा मालपोत कार्यालय शिखरकोटमा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला टिष्टुङ्ग/पालुङ गा.वि.स वार्ड नं ३/२ स्थित कि.नं. ६३०/९६१/६२२/९५३ को क्षेत्रफल ०-७-०-०/३-८-२-२/ ०-५-०-०/१-३-२-३ को जग्गा ।<br>बिर बहादुर बलामीको नाउँमा मालपोत कार्यालय शिखरकोटमा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला टिष्टुङ्ग/पालुङ गा.वि.स वार्ड नं ३ स्थित कि.नं. ६२० को क्षेत्रफल ०-४-३-० को जग्गा । |
| ६ | **नाम** : भरत बहादुर सापकोटा<br>बाबुको नाम : तलबहादुर सापकोटा<br>बाजेको नाम : कृष्ण बहादुर सापकोटा<br>ना.प्र.प.नं.: ११२३<br>जारी मिति : २०४४।१२।०२<br>ठेगाना : आग्रा-७, मकवानपुर<br>**व्यक्तिगत मञ्जुरी दिने:**<br>**नाम** : ठुलोकान्छा सापकोटा<br>बाबुको नाम : तलबहादुर सापकोटा<br>बाजेको नाम : कृष्ण बहादुर सापकोटा<br>ना.प्र.प.नं.: २८३<br>जारी मिति: २०४६/०२/२०<br>ठेगाना : आग्रा-७, मकवानपुर<br>नाम : रुपचन्द्र कार्की<br>बाबुको नाम : शिवराम कार्की<br>बाजेको नाम : हरि बहादुर कार्की<br>ना.प्र.प.नं. ३९/३२६<br>जारी मिति: २०५५/०९/०८<br>ठेगाना: आग्रा-१, मकवानपुर |   | भरत बहादुर सापकोटाको नाउँमा मालपोत कार्यालय शिखरकोटमा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला पालुङ गा.वि.स वार्ड नं ८ स्थित कि.नं. १०५०/१०५२ को क्षेत्रफल ७-८-२-०/२-६-१-० को जग्गा ।<br>ठुलोकान्छा सापकोटाको नाउँमा मालपोत कार्यालय शिखरकोटमा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला आग्रा गा.वि.स वार्ड नं ८ स्थित कि.नं. १०४७/१०३४/१०४१/१०३६/१०४४ को क्षेत्रफल २-५-०-०/२-१०-३-०/ ४-६-०-१/०-१२-०-१/२-८-०-१ को जग्गा । |
| ७ | **नाम** : सनक सिँ थोकर<br>बाबुको नाम : शेर बहादुर थोकर<br>बाजेको नाम : कमान सिँ थोकर<br>ना.प्र.प.नं. ५९३/१४७७<br>जारी मिति: २०४४।११।११<br>ठेगाना : गोगने ९, मकवानपुर<br>**व्यक्तिगत मञ्जुरी दिने:**<br>**नाम** : आत्मराम थोकर<br>बाबुको नाम : सनक सिँ थोकर<br>बाजेको नाम : शेर बहादुर थोकर<br>ना.प्र.प.नं.: ३१-०१-८९-०१५९५<br>जारी मिति :<br>ठेगाना: गोगने-९, मकवानपुर |   | सनक सिँ थोकरको नाउँमा मालपोत कार्यालय शिखरकोटमा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला गोगने गा.वि.स वाड नं. ९ को स्थित कि.नं. २८५/२८१/२८६/२८८को क्रमश: क्षेत्रफल २-११-०-२/१-८-१-३/ ६-३-३-३/३-४-०-३ जग्गा । |
| ८ | **नाम** : रामबहादुर घलान<br>बाबुको नाम : नर बहादुर घलान<br>बाजेको नाम : सिँह बहादुर घलान<br>ना.प्र.प.नं.: ३०३६/९<br>जारी मिति : २०७०/०२/२१<br>ठेगाना : आग्रा-१, मकवानपुर |  | रामबहादुर घलानको नाउँमा मालपोत कार्यालय मकवानपुरमा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला बसामाडी गा.वि.स वार्ड नं ३ स्थित कि.नं. ३१३० को क्षेत्रफल ०-०-८.५-० को जग्गा ।<br>यातायात व्यवस्था कार्यालय नारायणीमा दर्ता वहाल रहेको यस सँस्थाको नाममा रामबहादुर घलान ऋणी रहने गरि नामसारी भएको ना. ७ ख. ५८९६ को भाडा ट्रक । |
| ९ | **नाम** : अच्युत गुँईदेल नेपाली<br>बाजेको नाम : गोकुले<br>बाबुको नाम : माईला नेपाली<br>ना.प्र.प.नं.: ३१३०३७/१३९<br>जारी मिति : २०६३/१०/१०<br>ठेगाना : दामन ३, मकवानपुर<br>**व्यक्तिगत मञ्जुरी दिने**<br>**नाम** : मिना गुँईदेल<br>बाबुको नाम : शम्भु राना मगर<br>पतिको नाम : अच्युत गुईदेल दमाई<br>ना.प्र.प.नं. : ३१३०३७/४९८<br>जारी मिति : २०६३/१०/१३<br>ठेगाना: दामन-३, मकवानपुर |   | अच्युत गुँईदेलको नाउँमा मालपोत कार्यालय शिखरकोटमा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला दामन गा.वि.स वार्ड नं ३ स्थित कि.नं. ४३ को क्षेत्रफल ४८.५-०-०-० को जग्गा । |
| १० | **नाम** : रामकृष्ण ढुँगाना<br>बाबुको नाम : टंकनाथ ढुँगाना<br>बाजेको नाम : हरिप्रसाद ढुँगाना<br>ना.प्र.प.नं. : ३१/२७०<br>जारी मिति : २०४६/०२/०४<br>ठेगाना : बज्रबाराही-५, मकवानपुर<br>**व्यक्तिगत मञ्जुरी दिने**<br>**नाम** : टंकनाथ ढुँगाना<br>बाबुको नाम : हरि प्रसाद ढुँगाना<br>बाजेको नाम : पृथी नारायण<br>ना.प्र.प.नं. : १५६<br>जारी मिति :२०३१/०५/०६<br>ठेगाना :बज्रबाराही-५, मकवानपुर |   | टंकनाथ ढुँगानाको नाउँमा मालपोत कार्यालय शिखरकोटमा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला टिष्टुङ गा.वि.स वार्ड नं ४ स्थित कि.नं. ३७९/३७८/३८१/३८२/३८४ को क्षेत्रफल ०-१३-३-०/०-१२-२-०/ ०-२-०-०/०-१३-२-०/०-५-२-० को जग्गा । |
| ११ | **नाम** : सुनिल श्रेष्ठ<br>बाबुको नाम : भिम बहादुर श्रेष्ठ<br>बाजेकोको नाम : वुद्धि बहादुर श्रेष्ठ<br>ना.प्र.प.नं. : ३१३०३४/१०९८<br>जारी मिति: २०६३।११।१२<br>ठेगाना: बज्रबाराही-२, मकवानपुर |  | सुनिल श्रेष्ठको नाउँमा मालपोत कार्यालय मकवानपुरमा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला टिष्टुङ गा.वि.स वार्ड नं ८ स्थित कि.नं. १४९२ को क्षेत्रफल ०-४-२-० को जग्गा । |

**सम्पर्क:**

**पालुङ्ग बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड को**
**प्रधान कार्यालय, थाहानगरपालिका वडा नं ४, थानाबजार, मकवानपुर**
**फोन नं: ०५७-४००००५, ०५७-४००००६, ५२३९४६**

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना